मिथिला विहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तारापट्टी, धनुषा
प्रदेश नं.२, नेपाल

# मिथिला विहारी नगरपालिकाको लागि नगर प्रहरी गठन तथा संचालन गर्ने कार्यविधि २०७७

नगर कार्यपालिकाको वैठकवाट स्वीकृत मिति : २०७७।०४।२२ गते

मिथिला विहारी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

तारापट्टी, धनुषा
प्रदेश नं. २, नेपाल

अनिल कुमार यादव
नगर प्रमुख

मिति २०७९।०४।२२ मा बसेको कार्यपालिकाको बैठकले पारित गरेको व्यहोरा स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार बमोजिम प्रमाणित गर्दछु ।

अनिल कुमार यादव
नगर प्रमुख

अनिल कुमार यादव
नगर प्रमुख

नगर प्रमुख द्वारा प्रमाणिकरण
मिति ....................गते
पृष्ठ संख्या : ......

# मिथिला विहारी नगरपालिकाको लागि नगर प्रहरी गठन तथा संचालन गर्ने कार्यविधि २०७७

प्रस्तावना :

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को (क) मा नगर प्रहरीको गठन,संचालन, व्यवस्थापन, नियमन गर्ने सम्वन्धी नीति तथा कानुन सम्वन्धित नगरपालिकाको अधिकार क्षेत्र भित्र रहेको हुंदा यस मिथिला विहारी नगरपालिकामा नगर प्रहरी गठन तथा संचालन सम्वन्धी कार्यविधि तयार गरिएको छ ।

## नगर प्रहरीको गठन

1. मिथिला विहारी नगरपालिकामा १ जना कमाण्डर, १ जना सहायक कमाण्डर सहित १५ जना नगर प्रहरी रहने गरी नगर प्रहरीको ईकाई गठन हुनेछ ।
2. नगर प्रहरीको कार्य क्षेत्र मिथिला विहारी नगरपालिका भित्र रहनेछ ।
3. नगर प्रहरीहरु करार सेवा मार्फत नियुक्ति/परिचालन हुनेछन् ।
4. प्रत्येक वर्ष नगर प्रहरीहरुको करार अवधि कार्य सम्पादन, मुल्यांकनको आधारमा सम्झौता गरिनेछ ।

## सेवा,सुविधा र शर्त

5. नगर प्रहरीलाई रु. १५०००।-, सहायक कमाण्डरलाई रु. १८,०००।- र कमाण्डरलाई रु. २०,०००।- मासिक पारिश्रमिक उपलब्ध गराईनेछ । साथै चाडपर्व खर्च वापत थप १ महिनाको पारिश्रमिक समेत उपलब्ध गराईनेछ ।
6. वर्षमा १ पटक पोशाक खर्च वापत रु. १०,०००।- एकमुष्ठ उपलब्ध गराईनेछ र राशन खर्च वापत प्रति महिना ३७००।- दिनेछ ।
7. नगर प्रहरीले २४ सै घण्टा ड्युटि गर्नु पर्नेछ । कमाण्डरले ड्युटी बनाई परिचालन गर्नु पर्नेछ ।

## नगर प्रहरीको नियुक्ति

1. करार सेवाको लागि १५ दिनको म्याद दिई सार्वजनिक सूचना प्रकाशन हुनेछ ।
2. नगर प्रहरीको उम्मेदवार हुन २० वर्ष उमेर पुरा भई ४० ननाघेको ।
3. कमाण्डर र सहायक कमाण्डरको हकमा ३५ देखि ४६ वर्ष ननाघेको हुनु पर्नेछ साथै विभागिय तालिम,शिक्षक भएकालाई प्राथमिकता दिईनेछ ।
4. १५ जना मध्ये ५ जना महिला अनिवार्य नगर प्रहरी नियुक्ति गरिनेछ ।

## नगर प्रहरीको योग्यता

1. कमाण्डर र सहायक कमाण्डरले न्यूनतम SLC वा सो सरह उर्तिण गरेको हुनु पर्नेछ र अन्यको हकमा कक्षा-८ उत्तिर्ण गरेको हुनुपर्नेछ ।
2. स्यादी प्रहरीको अनुभव भएको सर्वसाधारणबाट नगर प्रहरीको जवान छनौट गरिनेछ ।
3. कमाण्डर र सहायक कमाण्डरको हकमा नेपाल प्रहरी वा सशस्त्र प्रहरी भए , सहायक प्रहरी निरीक्षक वा नेपाली सेनाको भए हवल्दार सेवामा कम्तीमा ७ वर्षको सेवा अनुभव भएको र कुनै विभागिय कारवाही नभएको उम्मेदवार हुनु पर्नेछ ।

अनिल कुमार यादव
नगर प्रमुख

## नगर प्रहरी पोशाकको रंग र लोगो

1. नगर प्रहरीहरुको पोशाक खैरो रंगको रंगको वर्दी, [illegible] अगाडिको जुत्ता खैरो र छालाको जुत्ता प्रयोग गरेमा कालो रंगको बुट हुनेछ र बाहुमा मिथिला बिहारी नगरपालिका लेखिएको लोगो बाँया पाखुरामा रहनेछ ।

प्रदेश नं.२, नेपाल

2. दर्ज्यानी चिन्हको रुपमा नगर प्रहरीलाई रातो रंगको २ धर्के लोगो,सहायक कमाण्डरलाई रातो रंगको ३ धर्के लोगो र कमाण्डरलाई रातो रंगको को ४ धर्के लोगों चिन्ह पाखुरामा (बायां) हुनेछ ।

## नगर प्रहरीको काम, कर्तव्य र अधिकार

1. नगरपालिकाको कार्यालय तथा वडा कार्यालयहरुको सुरक्षा र संरक्षण गर्ने ।
2. नगरपालिकाका सम्पत्तिहरुको सुरक्षा र संरक्षण गर्ने ।
3. नगर भित्र हुने विभिन्न कार्यक्रम, सांस्कृतिक कार्यक्रम, समारोह जात्रा, चाडपर्व, स्थानीय बजार तथा पार्किङ्ग स्थलहरुको सुरक्षा , रेखदेख तथा व्यवस्थापन गर्न सहयोग गर्ने ।
4. नगर सरसफाई सम्बन्धी कार्यमा सहयोग गर्ने ।
5. विपद् व्यवस्थापन सम्बन्धी प्राविधिक तालिम तथा कार्य गर्ने ।
6. अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पत्तिको अतिक्रमणको रोकथाम र नियन्त्रण गर्ने ।
7. नगरपालिकाले लगाएका करहरु - वहाल कर, सम्पत्ति कर, ~~तथा~~ व्यवसायिक एवम् अन्य करहरुको संकलनमा आवश्यक सहयोग गर्ने ।
8. कार्यपालिकाले तोकेका अन्य कार्यहरु गर्ने ।
9. नगरपालिकाको उदेश्य हित विपरीत कार्य गरेमा नगर कार्यपालिकाको निर्णयद्वारा ~~निष्कासित~~ (निलम्बित) हुनु पर्ने छ ।

## छनौट विधि

1. महिलाको हकमा ४ फुट ६ इन्च उचाई र पुरुषको हकमा ५ फुट ५ ईन्च उचाई भएको र शारिरीक र मानसिक रुपमा स्वस्थ्य भएको हुनु पर्नेछ । (निरोगिताको प्रमाण पत्र समेत पेश गर्नुपर्नेछ) ।
2. शारिरीक प्रयोगात्मक र मौखिक परीक्षा लिईनेछ ।
3. कुनै पनि फौजदारी अभियोगमा सजाय पाएकाको तथा नैतिक पतन हुने काम गरेको उम्मेदवारलाई छनौट गरिने छैन ।
4. मिथिला बिहारी नगरपालिका भित्र उम्मेदवारलाई प्राथमिकता दिईनेछ । आवेदन दस्तुर वापत रु ~~५००~~ ८०० र ~~१~~००।- रुपैया लाग्नेछ ।

## दण्ड/सजाय

1. नगर प्रहरीले बजारमा फिरौती उठाउने, प्रभावमा राखी कमिशन लिने, कुनै पनि ठगी कार्य गरेमा प्रचलित ठगी मुदा दायरा गरी नगपालिकाले कानूनी दण्ड/सजायको कानूनी कारवाही अघि बढाउन सक्नेछ । जागिर निलम्बन तथा करार सम्झौता रद गरी बर्खास्त समेत गर्न सक्नेछ ।

अनिल कुमार यादव
नगर प्रमुख

अन्य

1. अन्य कुराको हकमा प्रचलित ऐन, नियम तथा कानून बमोजिम हुनेछ ।

२०७७।४।२२ २०७७-मा बसेको कार्यपालिकाको बैठकले पारित गरेको व्यहोरा स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार बमोजिम प्रमाणित गर्दछु ।

अनिल कुमार यादव
नगर प्रमुख

नगर प्रमुख द्वारा प्रमाणिकरण
मिति ..............................
पृष्ठ संख्या :